# प्रेस विज्ञप्ति

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

मिति २०७७ साल श्रावण ११ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित "सेनाका लागि अमेरिकावाट १० हजार राइफल खरिद : एलसी रद्द गरेर टिटीवाट पैसा पठाउँदै सरकार, सम्पूर्ण रकम अग्रिम भुक्तानी गर्न कार्यविधि नै फेरियो" शीर्षकको समाचारप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

यसमा आ.व ०७४/७५ मा विनियोजित वजेटका आधारमा तयार गरिएको खरिद योजना अनुरुप नेपाली सेनाको लागि आवश्यक M16 सिरिजका हतियारहरु सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ वमोजिम 'सरकार-सरकार (Government to Government)' प्रकृयावाट खरिद गर्ने सम्वन्धमा नेपाली सेनाले नेपाल स्थित संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया र फ्रान्स समेत ३ वटा राष्ट्रका राजदूतावासहरूमार्फत आर्थिक र प्राविधिक प्रस्ताव माग गरेकोमा संयुक्त राज्य अमेरिकावाट मात्र प्रस्ताव पेश हुन आएकोले मित्रराष्ट्र संयुक्त राज्य अमेरिकासँग अमेरिकी डलर ८०,९९,७६८ (असी लाख उनान्सय हजार सात सय अठ्सठ्ठी) मूल्य बरावरको हतियार, एसेसेरिज र स्पेयर पार्टस् आपूर्तिको लागि माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको मिति २०७५/०३/०८ को निर्णयानुसार स्वीकृति प्राप्त भए पश्चात मिति २०७५/०३/०८ गते Letter of Offer and Acceptance (LOA) मा हस्ताक्षर गरेको हो।

उक्त सम्झौता वमोजिम अमेरिकी सरकारको Defense Finance and Accounting Service (DFAS) लाई भुक्तानी दिनको लागि प्रतीत पत्र खोल्न नेपाल राष्ट्र बैंकमा तत्काल पत्राचार गरिएकोमा Proforma Invoice, शत प्रतिशत अग्रीम भुक्तानी तथा विनिमय दरमा भएको बृद्धिको कारण प्रतीत पत्र खुल्न नसकेको र सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ (दोश्रो संशोधन) वाट आवश्यकता अनुसार अग्रीम भुक्तानी दिन सक्ने व्यवस्था गरिए पश्चात नेपाल राष्ट्र बैंकबाट मिति २०७६/०५/१७ गते Axis Bank Ltd. India मार्फत नं ८७०-०००१००५ को प्रतीत पत्र जारी गरिएको र उक्त प्रतीत पत्र खोल्न (Advise) को लागि आपूर्तिकर्ताको बैंकको Swift Code सहितको थप विस्तृत विवरण पटक पटक माग गरिएकोमा सो प्राप्त हुन नसकी नेपाल राष्ट्र बैंकले मिति २०७६/०८/१७ गतेको पत्रवाट प्रतीतपत्रको सट्टा अन्य माध्यमबाट सौझै भुक्तानी गर्नु पर्ने भएमा आवश्यक स्वीकृति सहित पुनः प्रकृया अगाडी वढाउन अनुरोध गरेको हो र यस बीचमा नेपाल राष्ट्र बैंकले मिति २०७७/०१/०७ गतेको पत्रवाट Axis Bank Ltd., India ले Second Advising Bank को BIC Code को अभावमा आफ्नो तर्फवाट प्रतीतपत्र बन्द गरेको समेत जानकारी गराएको हुँदा उक्त माध्यमबाट भुक्तानी हुन नसक्ने अवस्था सिर्जना भएको हो ।

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

अमेरिकी सरकारले शतप्रतिशत् रकम नै अग्रिम भुक्तानी नगरीकन हातहतियार आपूर्ति नगर्ने भएकाले अमेरिकी सरकारको Defense Finance and Accounting Services (DFAS) लाई Telegraphic Transfer वा Wire Transfer मार्फत भुक्तानी दिने सम्बन्धमा नेपाल सरकारको स्वीकृति दिलाइदिने व्यवस्था हुन नेपाली सेनाबाट अनुरोध भएको र सो सन्दर्भमा अर्थ मन्त्रालयको मिति २०७६/१२/०४ को मन्त्रीस्तरीय निर्णयबाट खरिद सम्झौता रकम भुक्तानीका लागि नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय गरी Telegraphic Transfer वा Wire Transfer बाट रकम पठाउन उपयुक्त हुने राय प्राप्त भएअनुसार नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको हो र मन्त्रिपरिषद्बाट मिति २०७७/०२/१२ मा नेपाली सेनाका लागि आवश्यक M16 सिरिजका हतियार एसेसरिज र स्पेयर पार्टस मित्रराष्ट्र संयुक्त राज्य अमेरिका संग सरकार - सरकार प्रकृयाबाट आपूर्तिको लागि हस्ताक्षर गरिएको Letter of Offer and Acceptance (LOA) बमोजिम अमेरिकी सरकारको Defense Finance and Accounting Service (DFAS) लाई भुक्तानी दिनु पर्ने अमेरिकी डलर ८०,९९,७६८ (अमेरिकी डलर असी लाख उनान्सय हजार सात सय अठसठ्ठी) Telegraphic वा Wire transfer बाट पठाउन नेपाली सेनालाई स्वीकृति प्रदान गर्ने निर्णय भएको हो।

नेपाली सेनाका लागि आवश्यक M16 सिरिजका हतियार खरिद गर्ने सम्बन्धमा उपरोक्त अनुसारको प्रकृया पूरा गरी सिधै अमेरिकी सरकारको खातामा भुक्तानी दिने व्यवस्था गरिएको हुनाले यसमा समाचारमा उल्लेख गरिएजस्तो आर्थिक अनियमितता वा भ्रष्टाचार हुने कुनै सम्भावना नरहेकाले उक्त समाचार नेपाल सरकार, नेपाली सेना र कर्तव्यनिष्ठ राष्ट्रसेवक कर्मचारीको बदनाम गर्ने नियतका साथ भ्रमोत्पादक, तथ्यहीन, आधारहीन र कपोलकल्पित समाचार प्रकाशित भएको देखिएकाले सर्वसाधारणको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ ।

२०७७ श्रावण ११ गते आइतवार
रक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौ

सन्तबहादुर सुनार
सहसचिव एवं प्रवक्ता